बैठक संख्याः १०२

मिति २०८२ मंसिर २३ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहा दुर बहेकक्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | सेते सुनार |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री गणेश दत्त मिश्र | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:१३ यस नगरपालिकाको विपद व्यवस्थापन कोष शिर्षकबाट देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो।

तपसिल:

१. वडा नं.०८ मा प्राविधिक ईष्टिमेट अनुसार सडक ग्राभेलको भुक्तानी गर्ने

२. वडा नं.२ र ४ का लागि खरिद गरिएका ह्युमपाईपहरु जडान गर्ने

३. वडा नं.०३ को बडुवाल टोलको ४ वटा ठाउँमा हात्ति भगाउने यन्त्र जडान गर्ने

निर्णय नं:१४ यस नगरपालिकाका तपसिलका वडा सदस्यहरुलाई औषधि उपचारकालागि तपसिल बमोजमको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो।

१. गगन बहादुर सिंह - वडा सददस्य वडा नं.०४ रु.५०,०००/-

२. महाविर रोकाया - वडा सददस्य वडा नं.१० रु.५०,०००/-

निर्णय नं:१५ साक डिजिटल यूनिभर्सिटि प्रा.लि. महेन्द्रनगर कंचनपुरले डिजिटल मार्केटिङ तालिका संचालन गर्न निवेदन पेश गरेकोले उक्त तालिम संचालन गर्न विविध खर्च शिर्षकबाट रु.३०,००००/- अक्षरुपी तिन लाख मात्र विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं:१६ जंगली जनावर हात्ति, निलगाई, बदेल लगायत बाँदरहरुले किसानले लगाएको अन्नबाली खाई हानी नोक्सानी गर्ने गरेकोमा जंगली जनावरबाट बढी प्रभावित क्षेत्र वडा नं.०७ को कंजभोजको दंगाली घाट सुवेदी टोल हुदै आले टोल मुन्सी टोल देखि पुटपुटे घारी सम्म र वडा नं.०३ को बडवाल टोलमा जनावरको रोकथाम तथा नियन्त्रण गरी किसानको बालिनालि जोगाउन साथै जंगली किनारमा हरेको बस्तिमा मानवीय क्षति कम गर्न शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष मझगाउँ, उद्योग, पर्यटन वन तथा वातारण मन्त्रालय सुदूरपश्चिम प्रदेश, ZSL संस्था, NNSWA, NEEDS NEPAL, PESWAN लगायत सम्वन्धित निकायमा माग तथा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं:१७ यस दोधारा चाँदनी नगरपालिका वडा नं.०२ र १० मा संचालन भैरहेको खेलहरुका लागि तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

तपसिल:

१. वडा नं.०२ मा रहेको सुदूपश्चिम महिला जागरण डेनाईट क्रिकेट प्रतियोगिता - रु.१०००००/-

२. वडा नं.१० क्रिकेट र फुटवल प्रतियोगिता - रु.५००००/-

निर्णय नं:१८ यस नगरपालिकाको वडा नं.१० मा बाढिका समयमा विभिन्न ठाउँहरुमा माटो भरान तथा ग्राभेल गरेकोले प्राविधिक ईष्टिमेटका आधारमा विपद व्यवस्थापन शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं:१९ यस नगरपालिकाको आन्तरिक आय शिर्षकमा महाकाली नदिमा माछामा रोयल्टि उठाउने ठेक्का दुई पटक सूचना प्रकाशित गर्दा समेत कुनै पनि ठेक्काको आवेदन (टेन्डर) नपरेको हुदा एक हप्ताको समय राखि तेस्रो पटक सूचना प्रकाशन गर्ने र उक्त पटक पनि ठेक्काको आवेदन (टेन्डर) नपरेमा सोझै वार्ताद्वारा रोयल्टि उठाउने सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं:२० यस दोधारा चाँदनी नगरपालिका वडा नं.०७ मा हरेको मिलन चोक देखि जोगबुडा नदिको पुल हुदै बुद्ध नगर जानेबाटोमा विधुतिय तार किसानहरुको खेतमा झुन्डिएर एक आपसमा ठोकिएर २०८० वैशाखमा किसानको गहू बारेमा आगलि भई सम्पूर्ण बालि नष्ट भएकोले सो तार तथा पोलहरुलाई व्यवस्थित गर्नका लागि नेपाल विधुत प्राधिकरणलाई अनुरोध गर्ने निर्रणय गरियो।

निर्णय नं:१ दोधारा चाँदनी नगरपालिकाको शीत लहर प्रति कार्य योजना (Cold Wave Action Plan)-२०८२ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं:२ दोधारा चाँदनी नगरपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको साझेदारीमा यस नगरपालिकामा बैकल्पिक उर्जा कार्यक्रम लागु भईरहेको हुदा उक्त कार्यक्रम अन्तरगत वितरण हुने सुधारिएको चुल्हो, ईन्डक्सन चुल्हो र वायू ग्यास साझेदारीमा खरिद गर्नका लागि मिलान कोष शिर्षकबाट रु.१००००००/- (अक्षरुपी दश लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं:३ यस नगरपालिकाको वडा नं.०३ मा रहेको श्री जमुना आधारभुत विद्यालयमा २०८२ सालको बाढीका क्रममा बाढिबाट पिडित भएका व्यक्तिहरुको खाना खुवाए वापतको रकम रु.२०५००/- विपद व्यवस्थापन कोष शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं:४ यस दोधारा चाँदनी नगरपालिकामा रहेको दोधारा चाँदनी अस्पतालमा कार्यरत कर्मचारीहरुले अतिरिक्त समयमा कामकाज गरे वापतको सुविधा (भत्ता) रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं:५ दोधारा चाँदनी नगरपालिकाको चौथौं नगरसभाको निर्णय नं.४३ अनुसार महाकाली नदिमा गेभिएन वाल निर्माण वडा नं.०१ (क्रमागत)/ पर्यटन प्रवद्धधन संरचना निर्णम वडा नं.०१ योजनाका लागि विनियोजित बजेट रु.२,००,००,०००/- अक्षरुपी (दुई करोड) मध्ये रु.५५,००,०००/- (पचपन्न लाख) रकम नगरपालिकाको लागि व्यहोलोडर/स्काईभेटर खरिद गर्ने निर्णय भएकोमा उक्त निर्णय अनुसार व्यहोलोडर/स्काईभेटर खरिद गर्दा रकम अपुग हुने देखिएकोले उक्त व्यहोलोडर/स्काईभेटर खरिद शिर्षकमा महाकाली नदिमा गेभिएन वाल निर्माण वडा नं.०१ (क्रमागत)/ पर्यटन प्रवद्धधन संरचना निर्णम वडा नं.०१ शिर्षकबाट रु.२,००,०००/- (दुई लाख मात्र) थप गरि जम्मा रु.५७,००,०००/- (सन्तावन्न लाख मात्र) कायम गर्ने निर्णय गरियो।

निर्णय नं:६ दोधारा चादनी अस्पतालको आ.व.२०८१/०८२ को बाकी विद्युत बक्यौता रकमरु.३१५०००/- अक्षरुपी तिन लाख पन्ध्र हजार मात्र नगरपालिकाले भुक्तानीका गर्ने निर्णय गरियो।

निर्णय नं:७ दोधारा चादनी अस्पतालमा एच.आई.भि.संक्रमित विरामिहरुको आवश्यक जाचँ गारे वापतको प्रयोगशाला शुल्क रु.१०००००/- आर्थिक सहयोग शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं:८ दोधारा चाँदनी अस्पतालमा नर्सिङ्ग तथा पारा मेडिकल कर्मचारी अभावका कारण सेवा प्रवाहमा कठिनाई उत्पन्न भईरहेकोले कर्मचारी अभावलाई परिपूर्ति गर्न हाललाई यस नगरपालका अन्तरगत आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु तथा चाँदनी स्वास्थ्य चौकीबाट आवश्यकता अनुसार कर्मचारीहरुलाई अस्पतालमा कामकाजमा खटाउने निर्णय गरियो।

निर्णय नं:९ यस नगरपालिका अन्तरगत वडा नं.०२ मा आधारभुत स्वास्थ्य केन्द्र निर्रणका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट रकम प्राप्त भएको र भवन निर्माणका लागि आवश्यक जग्गा दान लिने र सो प्रक्रियामा लाग्ने राजश्व खर्च यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं:१० यस नगरपालिका वडा नं.०१ मा रहेको श्री महाकाली आदर्श मा.वि. झ्याल ढोका जडान कार्यका लागि रु.३२८४५/- संघ संस्था अनुदान शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं:११ यस नगरपालिका अन्तरगत रहेका विद्यालयहरुका भवन निर्णण गर्नका लागि पेसवान संग लागत साझेदारीमा काम गर्ने निर्णय गरियो।

निर्णय नं:१२ यस नगरपालिका वडा नं.०१ स्थित चार लेन सडकमा सडक बत्ति जडान गर्नका लागि (२ बटा पोल,३ बटा लाईट र तारहरु) प्राविधि ईष्टिमेट तयार गरि सोहि अनुसार सडक बत्ति जडान गर्ने निर्णय गरियो।